**आकाशवाणी समाचार- नेपाली**

मितिः २६ अक्टुबर २०२४

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. **भारत र इटालीले साइबर स्पेस सुरक्षित गर्न सहयोग बढाउन सहमत भएका छन् ।**

२. **केंद्रीय औषधि मानक नियंत्रण संगठन** ले चार वटा औषधिको समूहलाई नक्कली घोषणा गरेको छ ।

३. मुख्य न्यायाधीश डी.वाई. चन्द्रचूडले न्यायपालिका लगायत सबै क्षेत्रमा महिलाहरुको अधिकतम सहभागितामा जोड दिनुभएको छ ।

४. यूरोपियन इन्भेस्टमेन्ट बैंकले बेंगलुरु सब-अर्बन रेलवेलाई दुई हजार आठ सय करोड रुपियाँ ऋण उपलब्ध गराउने घोषणा गरेको छ ।

५. राष्ट्रिय चलचित्र विकास निगम (एन.एफ.डी.सी) फिल्म बजारको १८औँ संस्करणले सह–उत्पादन बजारका लागि आधिकारिक चयन को घोषणा गरेको छ ।

**भारत -इटली साइबरस्पेस**

भारत र इटालीले साइबर स्पेस सुरक्षित गर्न सहयोग बढाउन सहमत भएका छन् । नयाँ दिल्लीमा हिज भएको पहिलो साइबर संवादमा दुई देशले बढ्दो साइबर खतरा र राष्ट्रिय साइबर रणनीतिबारे विचार साझा गरेका छन् । दुवै पक्षले क्षमता अभिवृद्धिका लागि सूचना प्रणालीको सुरक्षाबारे पनि चर्चा गरेका छन् । भारत र इटालीले साइबरको क्षेत्रमा हालैका घटनाक्रमहरू, विशेष गरी संयुक्त राष्ट्रसंघमा सँगै काम गर्ने बारेमा बिचार विमर्श गरेको छ ।

**BYTE**

****** ० ******

**केंद्रीय औषधि मानक नियंत्रण संगठन**

**केंद्रीय औषधि मानक नियंत्रण संगठन** ले चार वटा औषधिको समूहलाई नक्कली घोषणा गरेको छ । संगठनले लगभग ३ हजार नमूना परीक्षण गरी ४९ वटा औषधि फिर्ता लिन भनेको छ । औषधिको नमूना मध्ये डेढ प्रतिशत कम प्रभावकारी देखिएको थियो ।

****** ० ******

**विभिन्न राज्य उप-चुनाव**

विभिन्न राज्यका ४७ विधानसभा क्षेत्र र केरलाको वायनाड संसदीय सीटका लागि भएको उप-चुनाउ का लागि नामांकन प्रक्रिया हिज सम्पन्न भयो । उत्तर प्रदेशमा नौ वटा विधानसभा सिटका लागि उप चुनाउ हुँदैछ । राजस्थानका सात, पश्चिम बङ्गालका छ, आसामका पाँच, बिहार र पञ्जाबका चार–चार, कर्नाटकका तीन तथा केरला, मध्य प्रदेश र सिक्किमका दुई–दुई स्थानमा उप चुनाउ हुँदैछ । यस्तै छत्तीसगढ, गुजरात, मेघालय र उत्तराखण्डमा एक–एक सिटका लागि पनि उप चुनाउ हुँदैछ । यी सबै सिटका लागि अर्को महिनाको १३ तारिखमा मतदान हुनेछ । वायनाड संसदीय

निर्वाचन क्षेत्रको उप चुनाउ पनि सोही दिन हुनेछ । महाराष्ट्रको नान्देड लोकसभा सीट र उत्तराखण्डको केदारनाथ विधानसभा सीटका लागि २० नोभेम्बरमा उप चुनाउ हुँदैछ । मतगणना 23 नवंबर को दिन हुनेछ ।

****** ० ******

**प्रधान न्यायाधीश डी.वाई. चंद्रचूड़ -आकाशवाणी**

मुख्य न्यायाधीश डी.वाई. चन्द्रचूडले न्यायपालिका लगायत सबै क्षेत्रमा महिलाहरुको अधिकतम सहभागितामा जोड दिनुभएको छ । आकाशवाणीसँग कुरा गर्नुहुदै उहाँले भन्नुभयो -, 'यसले महिलाहरुको दृष्टिकोण जान्न र निर्णय लिन सजिलो बनाउनेछ । न्यायाधीश चन्द्रचूड अनुसार देशभरिका जिल्ला न्यायालयका लागि हुने परीक्षामा ५० प्रतिशतभन्दा अधिक महिलाहरु भर्ना भएका छन् । यसले महिलाहरुलाई न्यायपालिकाको उच्च ओहोदामा पुग्न सक्षम बनाउने उहाँले विश्वास व्यक्त गर्नुभएको छ । उक्त अन्तर्वार्ता हिज आकाशवाणीबाट प्रसारण भएको थियो । यो हाम्रो युट्युब च्यानल आकाशवाणी समाचार आधिकारिक, हाम्रो वेबसाइट newsonair.gov.in र अन्य सामाजिक मिडिया प्लेटफर्महरूमा उपलब्ध छ।

**BYTE**

****** ० ******

**राष्ट्रपति द्रौपदी मुर्मु छत्तीसगढ़**

राष्ट्रपति द्रौपदी मुर्मू आज छत्तीसगढको भिलाईस्थित भारतीय प्रौद्योगिकी संस्थान-आईआईटी र रायपुरको पण्डित दीनदयाल उपाध्याय मेमोरियल हेल्थ साइन्सेज र आयुष विश्वविद्यालयको दीक्षान्त समारोहमा सहभागी हुनुहुनेछ । राष्ट्रपति मुर्मु हिज अखिल भारतीय आयुर्विज्ञान संस्थान, एम्स र नेशनल इन्स्टिच्युट अफ टेक्नोलोजी, एनआईटीको दीक्षान्त समारोहमा सहभागी हुनुभएको थियो ।

****** ० ******

**प्रधानमंत्री नरेंद्र मोदी -शोक**

प्रधानमन्त्री नरेन्द्र मोदीले प्रसिद्ध भौतिकशास्त्री रोहिणी गोडबोलेको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ । श्री मोदीले उहाँलेलाई एक अग्रणी वैज्ञानिक र नवप्रवर्तकको रूपमा वर्णन गर्नुहुदै जो धेरै भन्दा धेरै महिलाहरूलाई विज्ञानसँग जोड्ने बलियो हिमायती थिइन्। उहाँले रोहिणी गोडबोलेको विरासतले आगामी पुस्तालाई मार्गदर्शन गरिरहने बताउनु भएको छ ।

****** ० ******

**महाराष्ट्र मुख्य चुनाव अधिकारी**

महाराष्ट्रका मुख्य चुनाउ अधिकारीको कार्यालयले १५ देखि २५ अक्टोबरसम्म राज्यभर सी–भिजिल एपमा कुल १२५९ उजुरी प्राप्त भएको जानकारी दिएको छ। जसमध्ये १२५० उजुरी चुनाउ आयोगद्वारा समाधान गरिएको छ । यसबाहेक राज्य र केन्द्र सरकारका विभिन्न प्रवर्तन एजेन्सीहरूले गरेको कारबाही अन्तर्गत मोठ १०० करोड ४० लाख रुपियाँ बराबरको सम्पत्ति जफत गरिएको छ। मुख्य निर्वाचन अधिकारीको कार्यालयले पनि राज्यमा आचारसंहिताको प्रभावकारी कार्यान्वयन भइरहेको जनाएको छ ।

****** ० ******

**विदेश मंत्री डॉ. एस. जयशंकर**

विदेशमन्त्री एस जयशंकर र जर्मनीका विदेशमन्त्री एनालेना बेयरबोकबीच हिज नयाँ दिल्लीमा बातचित भएको छ । सामाजिक सञ्जालमार्फत डा. जयशंकरले क्षेत्रीय र वैश्विक विषयमा व्यापक व्यापक चर्चा भएको बताउनुभएको छ । भारत र जर्मनीबीचको रणनीतिक साझेदारी २५ औं वर्षमा प्रवेश गर्दै गर्दा निरन्तर प्रगाढ हुँदै गएको उहाँले बताउनुभएको छ । उहाँले जर्मनीका उपकुलपति तथा आर्थिक मामिलामन्त्री रोबर्ट हेबेकसँग पनि बैठक गर्नुभएको छ । दुवै नेताले समसामयिक रणनीतिक र आर्थिक विश्वव्यापी चुनौतीका बारेमा विचार साझा गर्नुभएको छ ।

****** ० ******

**यूरोपीय निवेश बैंक (ईआईबी) बेंगलुरु उपनगरीय रेलवे**

यूरोपियन इन्भेस्टमेन्ट बैंक (ईआईबी) ले बेंगलुरु सबअर्बन रेलवेलाई दुई हजार आठ सय करोड रुपियाँ ऋण उपलब्ध गराउने घोषणा गरेको छ। बैंकले अर्बन मोबिलिटी सोलुसनका लागि टेक्निकल सपोर्ट सेन्टर पनि सञ्चालनमा ल्याएको छ। ईआईबीका उपाध्यक्ष निकोला बियर र कर्नाटक रेल इन्फ्रास्ट्रक्चर डेभलपमेन्टका वित्त निर्देशक अवधेश मेहताले हिज गान्धीनगरमा आयोजित अर्बन मोबिलिटी इन्डिया कन्फरेन्सको क्रममा उक्त घोषणा गरेका हुन्। सुश्री बियरले भन्नुभएको छ - बेंगलुरु उपनगरीय रेलवे नेटवर्कले प्रदूषण र कार्बन उत्सर्जन कम गर्नेछ। यसको कमिसनसँगै महिलाले सुरक्षित यात्राको सुविधा प्राप्त गर्नेछन्। आगामी पाँच वर्षभित्र उक्त रकम वितरण गरिने उहाले बताउनु भएको छ । यो रेल सञ्जाल १४९ किलोमिटर लामो हुनेछ र यसमा ५८ वटा स्टेसन रहनेछन्।

****** ० ******

**भारत-जर्मनी-युद्ध चिंता**

भारत र जर्मनीले युक्रेनमा जारी युद्ध र यसका मानवीय पक्षप्रति गहिरो चिन्ता व्यक्त गरेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदी र जर्मनीका चान्सलर ओलाफ स्कोल्जले नयाँ दिल्लीमा भएको सातौं भारत–जर्मनी अन्तरसरकारी परामर्शपछि एक वक्तव्य जारी गर्दै युक्रेनमा अन्तर्राष्ट्रिय कानुनअनुसार व्यापक शान्तिको खाँचो रहेको बताउनु भएको छ । दुवै नेताले युक्रेन युद्धले खाद्य र ऊर्जा सुरक्षामा विशेष गरी विकासशील देशहरूमा पारेको नकारात्मक प्रभावलाई माथी पनि चर्चा गरेको छ। उहाँले यो युद्धमा आणविक हतियार प्रयोग गर्ने धम्की लाई स्वीकार गर्न नसकिने पनि बताउनुभएको छ । दुवै नेताले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्ले घोषणा गरेका आतङ्कवादी संस्थाविरुद्ध ठोस प्रयास गर्न पनि आह्वान गरेका छन्।

****** ० ******

**सामाजिक न्याय और अधिकारिता मंत्रालय**

ज्येष्ठ नागरिकका लागि सामाजिक न्याय तथा सशक्तीकरण मन्त्रालयले आयोजना गरेको 'समागम' हिज नयाँ दिल्लीमा सम्पन्न भएको छ। अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसर पारेर १ अक्टोबरको दिन एक महिना लामो यो समारोह शुरु गरिएको हो। यसको उद्देश्य देशभरिका ज्येष्ठ नागरिकहरूको गरिमा, सम्मान र सुरक्षालाई बढावा दिनु रहेको छ। सामाजिक न्याय तथा अधिकारिता राज्यमन्त्री बनवारीलाल वर्माले ७० वर्ष वा सोभन्दा माथिका सबै ज्येष्ठ नागरिकहरुका लागि आयुष्मान भारत प्रधानमन्त्री जन आरोग्य योजनाको पहलको उल्लेख गर्नुभएको छ ।

****** ० ******

**भारतीय सेना -चाणक्य रक्षा संवाद**

भारतीय सेनाको प्रमुख अन्तर्राष्ट्रिय सेमिनार 'चाणक्य रक्षा संवाद' को दोस्रो संस्करण हिज नयाँ दिल्लीमा सम्पन्न भएको छ। दुई दिवसीय कार्यक्रममा नीति निर्माताहरू, रणनीतिक विचारकहरू, शिक्षाविद्हरू, रक्षा कर्मीहरू, वैज्ञानिकहरू र विषय विशेषज्ञहरू भारत र विदेशका रणनीतिक दिशा र विकास प्राथमिकताहरूको समीक्षा गर्न उपस्थित भएका थिए। भारत, संयुक्त राज्य अमेरिका, रूस, इजरायल र श्रीलङ्काका प्रमुख वक्ताहरूले सुरक्षाले कसरी विकसित भारतको विकासको मार्गमा प्रभाव पार्छ भन्ने कुरामा जोड दिएका छन् । भारतीय अन्तरिक्ष अनुसन्धान संगठनका अध्यक्ष डा. एस सोमनाथले राष्ट्रिय सुरक्षालाई मजबुत बनाउन भारतको अन्तरिक्ष क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताए। संयुक्त राष्ट्रसंघका लागि भारतका पूर्व स्थायी प्रतिनिधि रुचिरा कम्बोजले बहुपक्षीय विश्वलाई आकार दिन भारतको विकसित र प्रभावशाली भूमिकाबारे चर्चा गरिन्।

****** ० ******

**फिलीपींस -तूफान ट्रामी**

फिलिपिन्सको उष्णकटिबंधीय तुफान 'ट्रामी'का कारण मृत्यु हुनेको संख्या ८१ पुगेको छ भने बाढी र पहिरोका कारण २० जना निखोज भएका छन्। मृत्यु हुनेमा बाटांगास प्रान्तमा ४७ जना र बिकोल क्षेत्रमा २८ जना रहेका छन्। मध्य र दक्षिणी फिलिपिन्सका विभिन्न क्षेत्रमा ट्रामीका कारण चार जनाको मृत्यु भएको छ।

****** ० ******

**वास्तविक नियन्त्रण रेखा (एलएसी)**

वास्तविक नियन्त्रण रेखा (एलएसी) मा साढे चार वर्षदेखि जारी सैन्य गतिरोधपछि भारत र चीनका सैनिकले पूर्वी लद्दाखको देपसाङ र डेमचोक क्षेत्रबाट सेना फिर्ता हुने प्रक्रिया शुरु गरेका छन् । सेना सुत्र अनुसार यस महिनाको अन्त्य सम्ममा सीमा गस्ती पुनः सुरु हुनेछ, जुन यस क्षेत्रमा सामान्य स्थिति बहाल गर्ने दिशामा एक महत्वपूर्ण कदम हो। हालै भारत र चीनबीच पूर्वी लद्दाखमा एलएसीमा गस्ती गर्ने विषयमा सहमति भएको छ । विदेश सचिव विक्रम मिश्रीले यो सम्झौताले अप्रिल २०२० मा शुरु भएको तनाव हटाउन र समाधान गर्न सक्ने बताएका थिए ।

****** ० ******

**राष्ट्रीय फिल्म विकास निगम (एनएफडीसी) फिल्म बाजार**

राष्ट्रिय चलचित्र विकास निगम (एनएफडीसी) फिल्म बजारको १८औँ संस्करणले सह–उत्पादन बजारका लागि आधिकारिक चयन को घोषणा गरेको छ । जसमा सात देशका २१ वटा फिचर फिल्म र ८ वटा वेब सिरिज रहेका छन् ।

****** ० ******